कनकाई नगरपालिकाद्वारा प्रकाशित

# कनकाई राजपत्र

खण्डः १ सङ्ख्याः २८ प्रकाशन मितिः २०७६/१२/२८

कार्यपालिकावाट स्वीकृत मिति २०७६/१२/१८

## भाग - २

"COVID19 संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोष तथा संचालन कार्यविधि २०७६

### प्रस्तावना

हाल विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणको सन्दर्भमा नगरवासीलाई सहज जीवन व्यतित गर्न आवश्यक सहजिकरण गर्नुपर्ने,अति विपन्न गरिव,असहाय तथा अशक्तहरुको दैनिक जीविकोपार्जनका लागि अत्यावश्यक सेवा र वस्तु उपलब्ध गराउन आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ मा भएको व्यवस्था अनुसार कनकाई नगर राहतकोष संचालन कार्यान्वयन गर्ने सम्बन्धी कार्यविधि २०७६ मिति २०७६ /१२/१८ को कनकाई नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी लागु गरिएको छ ।

१) संक्षिप्त नाम र प्रारम्भ :

१) यो कार्यविधि नाम "COVID19 संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषगठन तथा संचालन कार्यविधि २०७६" रहेको छ ।

२) यो कार्यविधि कनकाई नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

३) यो कार्यविधि मिति २०७६/१२/१८ बाट लागु हुनेछ ।

२) परिभाषा :

क) कोरोना भन्नाले विश्व स्वास्थ्य संगठनले महामारीको रुपमा परिभाषित गरेको कोरोना भाइरस (COVID-19) लाई बुझिन्छ ।

ख) राहत भन्नाले यस कार्यविधिको मापदण्डमा पर्ने अति विपन्न गरिव अशक्त र असहायलाई उपलब्ध गराउने अत्यावश्यक सेवा र बस्तुलाई बुझिन्छ ।

ग) कोष भन्नाले कोरोना भाइरस संक्रमण रोकथाम र राहत व्यवस्थापनका लागि नगरपालिकाले स्थापना गरेको कोषको खातालाई बुझिन्छ ।

३) राहत कोषमा प्राप्त हुने रकम :

क) नगरपालिकाबाट जम्मा गरिने रकम

ख) संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने रकम

ग) विभिन्न संघ संस्था र व्यक्तिबाट प्राप्त रकम

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय दाताहरुबाट प्राप्त सहयोग रकम

४) अति विपन्न गरिव, असहाय र अशक्त पहिचानका मापदण्डहरु :

१) दैनिक ज्यालादारी, मजदुरी गरी जीविकोपार्जन गर्ने व्यक्ति वा परिवार

२) अशक्त, अपाङ्ग घरमुली भइ दैनिक अत्यावश्यक वस्तु हुन नसक्ने परिवार

३) सिमान्तकृत समुदाय भित्र पर्ने विपन्न परिवार जसको घरमा ७ दिनलाई समेत पुग्ने खाद्य सामाग्री नभएको अवस्था ।

५) COVID19 संक्रमण रोकथाम तथा राहत व्यवस्थापन कोष २०७६ संचालन तथा कार्यान्वयनका लागि देहाय बमोजिमको नगर स्तरिय समिति रहनेछ ।



कनकाई राजपत्र

१) नगर प्रमुख संयोजक
२) उपप्रमुख सह संयोजक
३) सबै वडाध्यक्षज्यूहरु सदस्य
४) कार्यपालिकाका सदस्यहरु सदस्य
५) उद्योग वाणिज्य संघको प्रतिनिधि सदस्य
६) मान्यताप्राप्त तथा क्रियासिल राजनैतिक दलका नगरप्रमुखहरु सदस्य
७) स्थानीय समाजसेवी/ विषयविज्ञ /दाता मध्येबाट नगरप्रमुखले तोकेका ३ जना सदस्य
८) स्थानीय रेडक्रसका सभापति सदस्य
९) स्वास्थ्य शाखा प्रमुख सदस्य
१०)प्रमुख प्रशासकिय अधिकृत सदस्य सचिव

६) नगरस्तरिय समितिको कार्य विवरण:

१. संघिय सरकार तथा प्रदेश सरकारले यस विषयमा गरेका निर्णय तथा निर्देशनहरुलाई परिपालन तथा कार्यान्वयन गर्ने / गराउने ।
२. टोल विकास संस्थाहरुलाई परिचालन गरी नगरभित्र रहेका अति विपन्न गरिव असहाय र अशक्तहरुको पहिचान गरी प्रमाणिकरण गर्ने ।
३. लक्षीत वर्ग पहिचाहन गर्न आवश्यक मापदण्ड तयार गर्ने।
४. प्रमाणिकरण गरिएका व्यक्ति तथा परिवारलाई आवश्यकता र समितिको निर्णयानुसार राहत प्याकेज उपलब्ध गराउने ।
५. राहत प्याकेजको वितरणको प्रभावकारी अनुगमन गर्ने ।
६. विभिन्न संघसंस्था तथा दाताहरुले दिने सहयोग स्वीकार गरी एकद्वार प्रणालीबाट वितरणको व्यवस्थापन गर्ने ।

७) नगरस्तरिय समितिलाई सहयोग गर्न देहायबमोजिमको सचिवालय गठन गर्ने र उक्त सचिवालयले नगरस्तरिय समितिको बैठक बस्न नसकेको अवस्थामा नगरस्तरिय समितिमा अनुमोदन गर्ने गरी सो समितिले गर्ने सम्पूर्ण कार्य गर्न सक्नेछ ।

कानुनी राजपत्र

संयोजक : नगरप्रमुख
सदस्य : उपप्रमुख
सदस्य : वडाध्यक्षबाट २ जना
सदस्य सचिव : प्रमुख प्रशासकिय अधिकृत

८) सल्लाहकार समिति गठन गर्ने

क) सक्रमण रोकथाम तथा व्यास्थापन तथा राहत वितरण सम्बन्धमा आवस्यक सल्लाह को लागि देहाय बमोजिमको १ सल्लाकार समिति गठन गरिने छ।

१) नगरभित्र कार्यक्षेत्र भएका सबै संघिय सांसदज्यूहरु - सदस्य
२) नगरभित्र कार्यक्षेत्र भएका सबै प्रदेश सांसदज्यूहरु - सदस्य
३) नगरभित्र कार्यक्षेत्र भएका सबै संविधान सभा सदस्यहरु- सदस्य

ख) जेष्ठ सदस्य सल्लाहकार समितिको संयोजकको रुपमा रहनेछन।

ग) समितिको बैठक आवश्यक्ता अनुसार बस्नेछ।

९) वडा स्तरिय राहत व्यवस्थापन समिति

कनकाई नगर भित्रका सवै वडामा राहत व्यवस्थापनको लागि निम्नानुसारको एक समिति रहनेछ।

१) वडाध्यक्ष संयोजक
२) वडासदस्यहरु सदस्य
३) सम्बन्धित वडामा रहेका कार्यापालिका सद्सयहरु सदस्य
४) क्रियासिल राजनीतिक दलका वडा प्रमुख सदस्य
५) सम्बन्धित वडाका स्वास्थ्य संस्थाका प्रमुख सदस्य
६) सुरक्षा निकायको प्रतिनिधि सदस्य
७) वडा सचिव सदस्य सचिव

<u>वडा स्तरिय राहत व्यवस्थपापन समितिको कार्य विवरण</u>

१. टोल विकास संस्थाहरुलाई परिचालन गरी वडाभित्र रहेका अति विपन्न गरिव असहाय र अशक्तहरुको पहिचान गरी प्रमाणिकरणका लागि नगरस्तरिय समितिमा सिफारिस गर्ने ।



कनकाई राजपत्र

२. प्रमाणिकरण गरिएका व्यक्ति तथा परिवारलाई आवश्यकता र समितिको निर्णयानुसार वडामा प्राप्त भएको राहत प्याकेज सम्बन्धित व्यक्ति परिवारलाई उपलब्ध गराउने ।

३. राहत प्याकेजको वितरणको कार्यमा टोल विकास संस्थाहरुलाई समेत सहभागिता गराउने ।

१०) कोषको खाता संचालन

यस कोषको खाता कोरोना संक्रमण रोकथाम तथा राहत व्यवस्थापन कोष२०७६ को नाममा रहने छ र उक्त बैंक खाता प्रमुख प्रशासकिय अधिकृत र नगरपालिकाका लेखा अधिकृत वा लेखापाल को संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ । सो कोषको लेखा परिक्षण प्रचलित नियमानुसार हुनेछ।

११) राहात स्वरुप प्राप्त जिन्सी सामाग्री व्यवस्थापन सम्बन्धि कार्य :

- विभिन्न संघ संस्था र व्यक्तिबाट प्राप्त हुने जिन्सी राहत प्याकेजहरु नगरपालिका कार्यालयमा भण्डारण गर्ने
- राहत सामाग्री ग्रहण , भण्डारण र वितरण कार्यको लागि नगरपालिकाको जिन्सी शाखालाई जिम्मेवारी दिने

१२) सम्बन्धित समितिहरुले आवश्यक्ता अनुसार उपसमिति गठन गरी कार्यलाई सहजिकरण गर्न सक्नेछ ।

१३) यस समितिको छुट्टै छाप हुनेछ ।

१४) यस कार्य विधिमा थपघट वा संशोधन गर्नुपर्ने भएमा माथि उल्लेखित नगर स्तरिय समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

आज्ञाले
रुद्रप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कानकाइ नगरपालिका